प्रतिलिपि प्रमाणित
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.द्वि.प्र.)

उल्लिखित कार्यसूचीहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

१. कार्य सूची १ माथी दफाबार छलफल गरी देवचुली नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यबस्थित गर्न बनेको विधेयक, २०७५ को दफा ६ को उपदफा (१) मा देहायको बुँदा च.) बमोजिम संशोधन गरी स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

२. कार्य सूची २ माथी दफाबार छलफल गरी देवचुली नगरपालिकाको बाल विवाह विरुद्ध कार्यक्रम संचालन कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो। साथै नगर सभाबाट राजपत्रको ढाँचा स्वीकृत पश्चात् तोकिएको ढाँचा अनुसार प्रकाशन गर्ने निर्णय गरियो।

३. कार्य सूची ३ माथी दफाबार छलफल गरी देवचुली नगरपालिकाको बाल गृह संचालन कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो। साथै नगर सभाबाट राजपत्रको ढाँचा स्वीकृत पश्चात् तोकिएको ढाँचा अनुसार प्रकाशन गर्ने निर्णय गरियो।

४. कार्य सूची ४ माथी दफाबार छलफल गरी देवचुली नगरपालिकाको बाल विवाह विरुद्ध कार्यक्रम संचालन कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो। साथै नगर सभाबाट राजपत्रको ढाँचा स्वीकृत पश्चात् तोकिएको ढाँचा अनुसार प्रकाशन गर्ने निर्णय गरियो।

५. कार्य सूची ५ माथी दफाबार छलफल गरी देवचुली नगरपालिको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो। साथै नगर सभाबाट राजपत्रको ढाँचा स्वीकृत पश्चात् तोकिएको ढाँचा अनुसार प्रकाशन गर्ने निर्णय गरियो।

६. कार्य सूची ६ का सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त स्थानीय कर सम्बन्धी सुझाब कार्यान्वयनका लागि सम्मानित कार्यपालिका बैठक समक्ष जानकारी गराई सोही अनुसार कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो।

७. कार्य सूची ७ का सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त कृषि योग्य जग्गाको खण्डिकरण सम्बन्धमा भूमि व्यबस्था तथा गरिबी निवारण मन्त्रालयबाट जारी गरिएको निर्देशन सम्मानित कार्यपालिका समक्ष वाचन गरि सुनाइयो सो सम्बन्धमा व्यापक छलफल गरी तोकिएको कार्यविधि अनुसार गर्ने/गराउने निर्णय गरियो।

८. कार्य सूची ८ का सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भारतीय सरकारको साना विकास परियोजना परिचालन सम्बन्धी आयोजनाहरु माग गर्न पूर्व शर्तको रुपमा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी अबस्थामा नभएको हुँदा आवश्यकता अनुसारका योजना/परियोजनाहरुको DPR बनाई स्वीकृतिको लागी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

९. कार्य सूची ९ का सम्बन्धमा छलफल हुँदा मेघा रिभर साईड रिसोर्टलाई सार्वजनिक, सरकारी, प्रति जग्गामा कुनैपनि संरचना नबनाउन पुन: निर्देशन दिने निर्णय गरियो।

१०. कार्य सूची १० का सम्बन्धमा छलफल हुँदा यस देवचुली नगर क्षेत्रभित्र रहेका वित्तीय सहकारी संस्थाहरु यस नगरपलिकामा दर्ताका लागि अनुरोध गर्ने, यदि कुनै संघ/संस्थाहरु सरकारी, प्रति, ऐलानी जग्गामा भवन निर्माण गरी यस अघि सहकारी डिभिजन कार्यालयमा दर्ता भैसकेकाको हकमा जग्गा धनी प्रमाण पुर्जा नभए पनि एक

Scanned by CamScanner

प्रतिलिपि प्रमाणित

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.द्वि.प्र.)

पटकका लागि दर्ता गरिदिने निर्णय गरियो। साथै यस अघि व्यवसाय दर्ताको लागि लालपुर्जाको प्रतिलिपि अनिवार्य गरिएकोमा लाल पुर्जा पेश नहुनेको हकमा खानेपानी तथा विद्युत महशुल तिरेको प्रमाण पेश भएको आधारमा एक पटकका लागि व्यवसाय दर्ता गरिदिने निर्णय गरियो।

११. कार्य सूची ११ का सम्बन्धमा नेपाल मा.वि., देवचुली – १ केउरेनीबाट पेश भएको नमूना विद्यालय विकासका लागि **विद्यालय सुधार गुरुयोजना (२०७५-२०७९)** पेश भए बमोजिम स्वीकृत गर्न निर्णय गरियो। साथै कार्यान्वयनको लागि सम्बन्धित विद्यालयमा पठाउने निर्णय गरियो।

१२. कार्य सूची १२ का सम्बन्धमा वडा कार्यालय रामबास (६-९) का लागि कार्यालय सहयोगी १ जना पारिश्रमिक बापत प्रति महिना रु १३,४५०।– नगरपलिकाको आन्तरिक श्रोतबाट खर्च बेहोर्ने गरी २०७६ असार मशान्तसम्म सेवा करारमा लिन स्वीकृति दिने निर्णय गरियो।

१३. कार्य सूची १३ (विविध) को सम्बन्धमा निम्न बमोजिम गर्ने निर्णय गरियो।

क.) प्रत्येक वडा कार्यालयमा महिला वडा सदस्य संयोजक रहने गरी न्यायिक मेलमिलाप समिति गठन गर्ने निर्णय गरियो।

ख.) देवचुली उद्योग वाणिज्य संघले व्यापार/व्यवसाय प्रवर्द्धनका लागि आयोजना गरेको दोस्रो देवचुली महोत्सब-२०७५, का लागि रु ८ लाख पेश्की उपलब्ध गराउने र कार्य सम्पन्न प्रतिवेदन र बिल भरपाईका आधारमा पेश्की फछर्यौट गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

ग.) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।०९ च.नं. ३०७९ को मासिक डोर र ज्यालादारीका कर्मचारीहरुको पारिश्रमिक भुक्तानी सम्बन्धी पत्र पेश भै छलफल हुँदा यस नगरपालिकाको संगठन संरचना (दरवन्दी) भित्र नपरेका तर निजहरुको सेवा यस कार्यालयको लागि आवश्यक भै हालसम्म कार्यरत रहेका कर्मचारीको २०७५ माघ १ देखि २०७६ असार मसान्तसम्म म्याद थप गरि नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्न अख्तियारी प्रदान गर्ने र ति कर्मचारीहरुको सम्पूर्ण तलब खर्चको जबाफदेहिता यस नगर कार्यपालिकाले लिने निर्णय गरियो।

घ.) देवचुली – ५, वन्दिपुरमा शहरी स्वस्थ्य केन्द्र स्थापनाको लागि रु २ लाख ५० हजार नगरपलिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराउने निर्णय गरियो।

ङ.) देवचुली नगरपालिका भित्रका सामुदायिक वनहरुको यस आ.ब.को आम्दानी खर्चको विवरण र खर्चको कार्यविधि माग गर्ने निर्णय गरियो।

च.) सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ। अख्तियारी प्राप्त भैसकेपछि प्रमुख प्रशासकीय अधिकृतले मातहत कार्यालय/महाशाखा/शाखा/वडा कार्यालय प्रमुखलाई पन्ध्र दिनभित्र बजेट सहित खर्च गर्ने अख्तियारी दिन सक्नेछ।

छ.) पूर्वाधार विकास विभागबाट यस नगरपालिकाको बौलाह खोला अन्तर्गत वडा नं. ५,६ र १२ मा पर्ने खोलामा मृतुङ भन्ने स्थानमा झोलुङ्गे पुल परियोजना यस पूर्व नै स्वीकृत भैसकेकोले उक्त परियोजनालाई देवचुली नगरपालिकाले आन्तरिकीकरण (Own) गर्ने निर्णय गरियो। साथै यो कार्यक्रम संचालनको लागि

Scanned by CamScanner

प्रतिलिपि प्रमाणित
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.द्वि.प्र.)

कुल बजेट रु ४२,०५,८०४।८८ लागत अनुमान यस नगरपालिकाको कार्यपालिका बैठकले स्वीकृत गर्दै सो बजेट रकम मध्ये ६% ले हुन आउने रकम रु २,५२,३४८।२९ निर्देशिका बमोजिम सम्बन्धित स्थानीय तहले Matching Fund को रुपमा राख्नुपर्ने प्रावधान भएकोले उल्लिखित Matching Fund रु २५२३४८।२९ यस नगरपालिकाको आन्तरिक आयबाट खर्च लेख्ने निर्णय गरियो । साथै यस पूर्व तयार भएको उक्त झोलुङ्गे पुल को विस्तृत परियोजना प्रतिवेदन (DPR) , Drawing, Design र Estimate समेत स्वीकृत गरियो । परियोजना कार्यान्वयनको लागी यस पूर्व गठन भएको उपभोक्ता समितिलाई समर्थन गरी साविक जि.वि.स. नवलपरासी बाट छनौट भएको हिमालय सामुदायिक विकास मञ्च (गै.स.स.) नवलपरासीलाई झोलुङ्गे पुल निर्माण गर्न आवश्यक समन्वय सहजीकरण गर्न कार्यादेश दिने निर्णय गरियो । निर्देशिका बमोजिम पुल निर्माणको Steel Fabrication सामग्री आपूर्ति गर्न शिलबन्दी दरभाउ पत्रको लागि राष्ट्रिय दैनिक पत्रिकामा यथाशिघ्र सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

ज.) यस नगरपालिकाबाट संचालन हुने योजनाहरुको लागत सहभागिता बापत उठाउनुपर्ने २०% रकम योजना सम्झौताको समयमा उपभोक्ताहरुलाई नगद जम्मा गर्न समस्या भै समयमा योजना सम्पन्न गर्न कठिनाई परिरहेकोले अब आइन्दा शुरुमा लागत सहभागिताको रकम जम्मा नगरेता पनि योजना सम्झौता गरी अन्तिम भुक्तानीको अबस्थासम्म सो रकम जम्मा गर्न लगाई योजना संचालन गर्ने निर्णय गरियो ।

झ.) यस कार्यालयलाई प्रविधिमैत्री बनाई सेवा प्रवाहमा चुस्तता ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को सहयोगमा सूचना प्रविधि अधिकृतको व्यबस्था भएकोमा निजको पारिश्रमिक बापतको २५% रकम यस कार्यालयको आन्तरिक आयबाट वेहोर्नुपर्ने भएकोले सोहि बमोजिम गर्ने र यस कार्यालयमा सूचना प्रविधि अधिकृतमा सेवा करारमा रहेका कृष्णहरी सापकोटालाई मिति २०७५ श्रावण ०१ देखि २०७६ असार मसान्तसम्मको सेवा करारमा लिई कामकाज लगाउने निर्णय गरियो । साथै LGCDP बाट सूचना प्रविधि अधिकृतकालागि मासिक रु. ३०,५००/- तीस हजार पाँचसयका दरले प्राप्त हुन आएमा यस न.पा.को आन्तरीक आयबाट २५% रकम खर्च गरीने छैन।

२०७५/१०/२९

Scanned by CamScanner